नेपाल सरकार

जनसङ्ख्या तथा वातावरण मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

जलविज्ञान महाशाखा

बाढी पूर्वानुमान शाखा

E-mail: floodhydrology@gmail.com, Site: http://hydrology.gov.np Tel: 01-4428236, Toll Free: 1155

Facebook Page: Nepal Flood Alert (नेपाल बाढी सूचना), Twitter: @DHM_FloodEWS (Nepal Flood Alert)

# बाढी पूर्वानुमान वुलेटिन

**जारी मिति: २७ भाद्र २०७४, बिहान ६ बजे**

## आगामी ३ दिनको बाढी पूर्वानुमान

१) आज, भोली र पर्सी देशको पूर्वी भु-भागमा बादल लागि हल्का देखि मध्यम सम्म वर्षा हुन सक्ने पूर्वानुमान छ। देशको मध्य र पश्चिमी भु-भागमा भने मध्यान्ह पछि एक-दुई स्थानमा मात्रै हल्का वर्षाको संभावना देखिन्छ। (स्रोत: NWP, मौसम पूर्वानुमान महाशाखा)

२) हाल देशका सवै खोलानालामा बहाब सामान्य अवस्थामा छ र देशमा आज, भोली र पर्सी सवै मुख्य नदी-नालाहरुमा बहाब सामान्य अवस्थामानै रहने देखिन्छ। कुनै बाढी जोखिम हुने देखिंदैन। तुलनात्मक रुपमा कोसी जलाधार र आसपासका खोला-नालाहरुमा बहाब केही बढ्न सक्छ।

## सर्वसाधारण तथा सरोकारवालामा सुझाव

३) देशैभर लामो समय ठुलो पानी पार्न सक्ने मौसमी प्रणाली आगामी ३ दिन सम्मै विकसित हुने संभावना देखिंदैन। तथापी पूर्वी क्षेत्रका केही स्थानमा हल्का वा मध्यम वर्षाको संभावना रहन्छ। यस अवस्थामा देशका कुनै पनि मुख्य नदीनालाहरुमा आगामी ३ दिन बाढीले सतर्कता तह पार गर्ने देखिंदैन।

४) पर्सी सम्मै देशका मुख्य नदी-नालाहरुमा बहाब सतर्कता तह भन्दा तलै रहने देखिन्छ। नदीतटीय क्षेत्रमा गर्नुपर्ने कार्यहरु सहजताका साथ गर्न सकिने छ।

## बुलेटिन अपडेट संबन्धि जानकारी

यस बाढी पूर्वसूचना बुलेटिन हरेक बिहान ६ बजे देखि ७ बजे भित्रको अवधिमा अपडेट गरिनेछ र विभागको वेभसाइट www.hydrology.gov.np मा राखिने छ।

## थप र नियमित जानकारीको लागि निम्न कुराहरु पढ्नुहुन अनुरोध:

१) ११५५ टोल फ्री नम्बरमा असार, श्रावण, भाद्र र असोज महिनाभरी फोन गर्नुहोस र सोध्नुहोस्। यो नंवरमा फोन गर्दा तपाईलाई पैसा लाग्दैन

२) तपाई बाढी वा पहिरोको जोखिम युक्त स्थानमा वा नजिकै हनुहुन्छ भने मोबाइलमा ११५५ नंबरबाट “सतर्क रहनुहोस” भन्ने अभिप्रायको एस एम एस (SMS) पनि आउन सक्छ। यसरी प्राप्त भएको सूचना वरपरका सवैलाई जानकारी पनि गराउनुहोला!

३) तपाई मोबाइल, ल्यापटप वा कम्प्युटरमा ईन्टरनेट सेवा प्रयोग गर्ने गर्नुहुन्छ भने कृपया हाम्रो वेभसाइट: www.hydrology.gov.np भित्र गएर हेर्नुहोस। त्यहां आगामी २४ घण्टा सम्मको बाढी भविष्यबाणी अपडेट भइराखेको हुन्छ। अनि अहिले कुन नदीमा कती बहाव छ! कहां कती पानी परिराखेको छ! भन्ने जान्न चाहीं वेभसाइटको River Watch र Rainfall Watch हेर्ने गर्नुहोला है।

४) वाढि पूर्वसूचना वा धेरै वर्षा भएको स्थानमा पहिरोको जोखिमको पूर्वसूचना पाउन नजिकैको प्रहरी कार्यालय वा जिल्ला प्रसासन कार्यालयमा समेत फोन गर्न सक्नुहुन्छ। त्यहां पनि यसवारे जानकारी गराइएको हुन्छ।

५) वर्षातको समयमा निरन्तर समाचार सुन्ने बानी पनि बसाल्नुहोला।

*नोट: तपाईको आसपासमा ठूलो पानी परिरहेको छ वा नदीमा एक्कासी बाढी आएको छ वा नदी एक्कासी सुकेको छ भने माथी दिइएको ठेगानामा फोन वा इमेल वा Facebook वा Twitter मा जानकारी पनि दिनुहोस है।*

**"कुनै पनि नदी जलाधारमा हुनसक्ने बाढी विपद्बाट आफु पनि वचौं अरुलाई पनि बचाऔं"**

**जनहितको लागि जारी**